# ८

# येशूले सहानुभूति देखाउनुहुन्छ

<u>*यस अध्यायका मूल पदहरूयस अध्यायका मूल पदहरू:*</u> २ राजा १३:२३, प्रस्थान २:२३-२५, लूका ७:११-१६, १ यूहन्ना ३:१७, यूहन्ना ११:३५, रोमी १२:१५, र २ कोरन्थी १:३,४।

<u>*यस अध्यायको सम्झिनुपर्ने मूल सार पद:*</u> **"जब येशू समुद्रको किनारामा आउनुभयो, तब उहाँले ठूलो भिंड देख्नुभयो। उहाँले तिनीहरूको आवश्यकताप्रति गहिरो चासो देखाउनुभयो। त्यहाँ भएका बिरामीहरूलाई उहाँले निको पार्नुभयो।" (मत्ती १४:१४ रूपान्तरित)।**

१७ वर्षकी एक युवती आफ्नो जीवनसँग संघर्ष गरिरहेकी थिइन्। आफूले झेलिरहेको संघर्षलाई उनले सामना गर्ने सकिनन् र आखिरमा उनले आत्महत्या गरिन्। आफ्नो छोरीलाई गुमाउनु पर्दा बाबुआमालाई कस्तो भयो होला?

तिनीहरूको पास्टर तिनीहरूलाई भेट्न तिनीहरूको घरमा आए। तिनीहरूसँग बैठकमा धेरै बेरसम्म चुपचाप बसे। तिनीहरूको दुःखसँग आफ्नो दुःखलाई चुपचाप बाँडे। अनि पास्टर रून थाले। उनले आँशु झार्दा झार्दा आँशु नै सकिसकेको थियो। अनि एक वचन पनि नभनि चुपचाप उनी उठे र बाहिर निस्केर गए।

केही समयपछि त्यस बाबुले पास्टरको ठूलो सराहना गरेर भने, "तपाईं आइदिनुभएकोमा हामी धेरै आभारित छौं।" आफ्नो छोरी गुमाएर वियोगले ग्रस्त भएको बेलामा बाबु र आमालाई केही शव्दहरू भन्नु आवश्यक थिएन। तिनीहरूलाई आशाका वचनहरूको आवश्यकता थिएन। तिनीहरूलाई कुनै सरसल्लाह पनि चाहिएको थिएन। तर तिनीहरूको साथमा बसेर हृदयदेखि केवल सहानुभूतिमात्र प्रकट गर्ने व्यक्तिको आवश्यकता थियो।

"तपाईंको सहानुभूति हाम्रो निम्ति कतिको अर्थपूर्ण थियो सो हामीले शब्दहरूद्वारा व्यक्त गर्न सक्दैनौं" भनेर बाबुले पास्टरलाई भनेका थिए।

सहानुभूति देखाउनु भनेको करूणा, मनको बेदना र दुःखमा दुःख व्यक्त गरेर साथ दिनु हो। त्यसको अर्थ दुःखमा परेको मानिससँग साथमा रहेर हृदयदेखि अत्यन्त गहिरो शोक भएको देखाउनु हो। कसैप्रति सहानुभूति देखाउनुको अर्थ

**शोकमा डुवेको मानिससँग घुलमिल गर्न खुबी हुनु हो। माया, सहानुभूति र करुणाको प्रवचन कुटी वा गुफामा बसेर छाँटेको कुनै अर्थ हुँदैन तर शोकमा डुवेको मानिसकहाँ गएर बस्दामात्र ती गुणहरू अर्थमूलक हुन्छन्। तर त्यो कदममा हिँड्नुभनेको मानवताको पूरा नयाँ तहमा पुग्नु हो।**

**स्नेह, सहानुभूति र करुणा देखाउँदै मानिसहरूको बीचमा घुलमिल हुनु येशूको निति तथा चरित्रको महत्त्वपूर्ण भाग थियो।**

## १. बेदना तथा पिडालाई सुन्नु (न्यायकर्ता २:१६-१८)

यस जगत यति ठूलो, फराकिलो, चिसो र बिशाल छ कि त्यसको सामु समुद्रको बालुवाको कण जस्तो हाम्रो पृथ्वी अर्थहिन र नगन्य देखिन्छ। त्यो कुरा सम्झिन्दा मनमा त्रास पनि आउँछ। त्यो त्रास झन् फराकिलो हुनपुगिरहेको छ किनभने आधुनिक विज्ञानले यस जगत हामीले सोचेको र अनुमान गरेको भन्दा बिशाल छ भनेर साटलाईट दुर्विनहरूले पत्ता लगाइरहेका छन्। फेरि कतिपय परिमार्जित बिकाशबाद शिद्धान्तले सृष्टिकर्ताको अस्तित्वलाई ठुकऱ्याइ दिन खोजिरहेको प्रयास गरिरहेको छ। यस बिशाल सृष्टिमा हामीहरूको अस्तित्वको अर्थ के छ र कसले मतलब राख्छ र भनेर निराशाको बादलमा कतिपय मानिसहरू संघर्षमा परिरहेको पाइन्छ।

**तर परमेश्वरमाथि आस्था नराख्नेहरूले जे सोचेतापनि यस जगतमा हामीहरूको स्थान के छ भनेर बाइबलले भिन्नै दृष्टिकोण प्रस्तुत गरेकोमा हामी परमेश्वरप्रति धन्यवादी हुनुपर्छ।**

पापले छियाछिया भएको यस पतित पृथ्वीलाई परमेश्वरले कस्तो दया र करुणाको दृष्टिकोणले हेर्नुहुन्छ भनेर देहायका पदहरूले कसरी सिकाउँछ, हेर्नुहोस्? न्यायकर्ताहरू २:१६-१८ "१६ त्यसपछि परमप्रभुले तिनीहरूमाथि न्यायकर्ताहरू खड़ा गरिदिनुभयो, जसले तिनीहरूलाई यी डाँकाहरूका हातबाट बचाए। १७ तर तिनीहरूले यी न्यायकर्ताहरूका कुरा पनि सुनेनन्। तिनीहरू व्यभिचारीसरह अरू देवताहरूको पूजा गर्न र उनीहरूका सामु निहुरन लागे। तिनीहरूले आफ्ना पिता-पुर्खाहरू हिंडेका परमेश्वरका आज्ञापालनको बाटो चाँड़ै नै छोड़िदिए। १८ जहिले पनि परमप्रभुले तिनीहरूमाथि न्यायकर्ता खड़ा गर्नुभयो, परमप्रभु त्यो न्यायकर्तासँग हुनुहुन्थ्यो, र तिनी बाँचुञ्जेल उहाँले तिनीहरूलाई शत्रुहरूका हातदेखि बचाइराख्नुहुन्थ्यो। किनकि दुर्व्यवहार र

अत्याचारमा पर्दा जहिले पनि तिनीहरूले सुस्केरा मार्दथे परमप्रभुले तिनीहरूमाथि दया गर्नुहुन्थ्यो।"

२ राजा १३:२३ "२३ तर अब्राहाम, इसहाक र याकूबसितको आफ्नो करारको कारण परमप्रभुले तिनीहरूमाथि अनुग्रह गर्नुभयो र तिनीहरूलाई टिठ्याउनुभयो। उहाँले तिनीहरूको वास्ता गर्नुभयो। आजको दिनसम्मै उहाँले तिनीहरूलाई नाश गर्न अथवा तिनीहरूलाई उहाँको उपस्थितिदेखि निकाल्न इच्छा गर्नुभएको छैन।" र यशैया ५४:७ "७ "केही क्षणको निम्ति मैले तिमीलाई त्यागेको थिएँ, तर अगाध कृपासित म तिमीलाई फेरि ल्याउनेछु।"

**पुरानो करारका परमेश्वर अत्यन्त कठोर, निर्दयी, झोँकि, रिसाहा, झमा नदिने तर प्रतिशोधको भावना राखिछोड्ने भन्ने लोक धारणा छ। त्यस धारणामा विश्वास गर्नहरूमा कतिपय इसाईहरू पर्दछन्। तर नयाँ करारमा येशू दयालु र करुणामय भनेर चित्रण गरिएको छ भनेर पुरानो करारका परमेश्वरको बिपरित धारणालाई कतिपय इसाईहरूले पोषाउन चाहन्छन्। तर माथिका पदहरू केवल केही पदहरूमात्र हुन् जसले परमेश्वरको अनुग्रही, करूणामय र दयालुपना चरित्रलाई उघारेका छन्।**

दुःखकष्ट र पिडामा परेका मानिसहरूप्रति परमेश्वरको दृष्टिकोण कस्तो थियो भनेर प्रस्थान २:२३-२५ले हामीलाई सिकाउँदछ? हेर्नुहोस्: "२३ धेरै दिन बितेपछि मिश्रका राजा मरे। इस्राएली जातिले दासत्वको कारण सुस्केरा हालेर पुकारा गर्न लागे। दासत्वको बन्धनमा तिनीहरूले गरेको पुकारा परमेश्वरकहाँ पुग्यो। २४ परमेश्वरले तिनीहरूको सुस्केरा सुन्नुभयो, र अब्राहाम, इसहाक र याकूबसित गर्नुभएको आफ्नो करार सम्झनुभयो। २५ यसैले परमेश्वरले इस्राएलीहरूमाथि नजर राख्नुभयो, र उहाँ तिनीहरूको अवस्थामा चिन्तित हुनुभयो।"

२३ धेरै दिन बितेपछि मिश्रका राजा मरे। इस्राएली जातिले दासत्वको कारण सुस्केरा हालेर पुकारा गर्न लागे। दासत्वको बन्धनमा तिनीहरूले गरेको पुकारा परमेश्वरकहाँ पुग्यो। २४ परमेश्वरले तिनीहरूको सुस्केरा सुन्नुभयो, र अब्राहाम, इसहाक र याकूबसित गर्नुभएको आफ्नो करार सम्झनुभयो। २५ यसैले परमेश्वरले इस्राएलीहरूमाथि नजर राख्नुभयो, र उहाँ तिनीहरूको अवस्थामा चिन्तित हुनुभयो।"

"परमेश्वर चिन्तित हुनुभयो" भन्ने वाक्यले परमपिता परमेश्वरले उहाँलाई पुकार गर्नेहरूप्रति गहिरो चासो देखाउनुहुन्छ भनेर पुष्टि गर्दछ। (यही सन्दर्भमा याकूव परमेश्वरको स्वभावको बारेमा यसरी व्यक्त गर्दछन्, "११ हेर, धैर्य धारण गर्नेहरूलाई हामी धन्यका भन्छौं। तिमीहरूले अय्यूबको स्थिरताको विषयमा सुनेका छौ, र प्रभुको अभिप्राय देखेका छौ, कि प्रभु कस्तो करुणामय र कृपालु हुनुहुन्छ।"

"हामीहरूको दुःख पिडाले मात्र होइन त्यसबारे चर्च गर्दा समेत परमेश्वरको प्रेमिलो हृदयलाई असर गरेको हुन्छ।...हामीमा भएको कुनै पनि आनन्द वा शान्ति उहाँको निम्ति नगन्य हुँदैन।...कुनै तवरले उहाँका कुनै पनि सन्तानलाई कुनै ठूलो दुःख र चोट पर्दा उहाँले आफ्नो नजरबाट लुकाउनुहुन्न। कुनै पनि चोतपटक वा दुःखकष्ट उहाँको सन्तानमा आउँछ भने उहाँले तुरन्त ख्याल गर्नुहुन्छ।"-एलेन जी ह्वाइट, *स्टेपस् टु क्राइस्ट,* पृ. १००बाट रूपान्तरित।

तपाईंको समाजमा रहेका मानिसहरूमा कस्तो पिडा वा सन्तापको सुस्केरा परमेश्वरमा गइरहेको छ? त्यस पिडाबाट राहत दिलाउन र मानिसहरूलाई करुणा देखाउन तपाईंलाई परमेश्वरले कसरी प्रयोग गर्न दिनुहुन्छ?

## २. हाम्रो करुणामय र दयालु मुक्तिदाता (मत्ती ९:३५,३६)

संसार पापी छ, दुष्ट छ त्यसबाट हटेर अलग भएर बस्नुपर्छ भनेर मानिसहरूबाट येशू पन्छिएर बस्नुभएन बरू आफ्नो सेवाकालभरि उहाँ त्यस्तै मानिसहरूसँग घुलमिल गर्नुभयो। अरूलाई सहानुभूति र करुणा तथा दया देखाउने परिस्थितिमा उहाँले आफूलाई पार्नुभयो। भनिएको छ, "जब समुद्रको किनारमा उहाँ आउनुभयो तब उहाँले ठूलो भिँड देख्नुभयो। तिनीहरूलाई देखेर उहाँको हृदय अत्यन्त गहिरो करूणा तथा दयाले हल्लियो। तिनीहरूको बिरामीहरूलाई उहाँले निको पार्नुभयो।" (मत्ती १४:१४ रूपान्तरित)।

माथिको पद समेत गरेर लूका ७:११-१६ पढ्नुहोस्। सही सहानुभूति र करूणा कसरी देखाउनुपर्नेरहेछ ती पदहरूले हामीलाई कसरी बताउँछन्? हेर्नुहोस्: लूका ७:११-१६ "११ भोलिपल्ट येशू नाइन नाउँको सहरमा जानुभयो, र उहाँका चेलाहरू र एउटा ठूलो भीड उहाँका साथमा गए। १२ जब उहाँ सहरको ढोका नजिक पुग्नुभएको थियो, एउटी विधवाको एउटै

छोराको लाश लगिँदैथियो। सहरको निकै ठूलो भीड तिनको साथमा थियो। १३ जब प्रभुले तिनलाई देख्नुभयो, तब तिनलाई सम्झाउँदै भन्नुभयो, “नरोऊ।”

सहानुभूति भन्ने शब्दले हाम्रो दिमागमा अर्को शब्दहरूको याद दिलाउँछ। तिनीहरू हुन् समानुभूति, अन्तर्भाव अर्थात् अरूले अनुभव गरिरहेका भावनाहरू आफूले पनि भोगरहेको ठान्नु वा अनुभूति गर्नु, दया र करुणा। विभिन्न शब्दकोषअनुसार करुणा देखाउनु भनेकै सहानुभूति, समानभूति, दया देखाउनु र उपकारि हुनु हो। सहानुभूति देखाएर दुःख प्रकट गर्नुभनेको अरूको दुःखमा शोक व्यक्त गर्नु हो। समानभूति भनेको अरूको भावनालाई बुझ्न आफू पनि उसको जुत्ता लगाउनु हो अर्थात् उसको भावनामा आफू पनि समाबेश हुनु हो।

सहानुभूति र करुणा देखाउनु भनेकै अरूको दुःखलाई बुझेर टुलुटुलु नहेरि वा त्यसबाट भागेर संसार यस्तै हो भनेर आफ्नो कुटीभित्र बसेर करूणाको ध्यान गर्ने नभएर त्यस दुःखलाई कम गर्न परोपकारिय कदम चाल्नु हो।

तपाईंको समाजमा कसैलाई दुःख लाग्दो घट्ना भयो रे। मानौं कसैको घर आगोले जल्यो रे। वा कोही मानिसको देहान्त भयो रे। तपाईं के गर्नुहुन्छ? कस्तो दुःखलाग्दो भन्दै चुपचाप आफ्नो बाटो लाग्ने हो त? आजको एक आपसमा सम्पर्कविहिन समाजमा त्यो गर्नु सजिलो छ। वा त्यो दुःखद घट्नाले सहानुभूति प्रकट गर्दै तिनीहरूप्रति तपाईंको हृदयमा दया वा करुणा जगाउन दिनु हो कि? सही करुणा देखाउनुभनेको अरूलाई सान्त्वना दिन आफू अघि सर्नु हो। चाहे मित्र होस् वा अपरिचित मानिस होस् त्यसलाई सहयोग गर्न सक्रिय हुनुपर्छ। कहिले कहिले शोक व्यक्त पत्र पठाएर पनि तपाईंले सहानुभूति तथा करूणा देखाउन सक्नुहुन्छ। वा भेटघाट गर्न गएर तपाईंले गहिरो सहानुभूति व्यक्त गर्न सक्नुहुन्छ र मानिसहरूको आवश्यकतामा तपाईंले सहयोग गर्न सक्नुहुन्छ। निश्वार्थी भएर प्रेम देखाउँदै सहयोग देखाउने खुबी हुनु नै सही सहानुभूतिको परिणाम हो।

समाज सेवा संस्था र धनी मानिसहरूले ठूला ठूला आयोजनाहरूमा मद्दत गर्छन्। त्यो सराहनीय काम हो। तर कहिलेकाहिँ वा दैनिक जीवनमा घटिरहने तर कसै कसैलाई गहिरो चोट पर्ने साना साना घट्नाहरूतिर हामीले ध्यान नदिएको हुन्छ।

येशूले केवल सहानुभूतिको उपदेशमात्र दिनुभएन। उहाँले त्यो सहानुभूतिलाई अर्को तहमा पुऱ्याउनुभयोः त्यो थियो व्यक्तिगत रूपमा करुणा

**देखाउने काममा आफूलाई समावेश गराउनु। हामीलाई पनि त्यही निति अपनाउन उहाँले अपेक्षा गर्नुहुन्छ। कुनै नराम्रो भयो भने जसलाई पनि दुःख लाग्न सक्छ वा सहानुभूति प्रकट गर्न सक्छ। तर हामीले दिनुपर्ने जवाफ त यो हो कि हामीमा भएको सहानुभूतिले हामीलाई कस्तो काम गर्न अग्रसर गराउँछ?**

बिहानीपख खाना खाइरहेको बेलामा एक जना श्रीमान आफ्नी श्रीमतीले अर्को देशमा भएको दुःखद घट्नाको समाचार पढिरहेको सुनेछन्। त्यस दुःखद घटनामा हजारौं मानिसहरूको ज्यान गएको रहेछ। त्यो घट्नालाई कस्तो नराम्रो भनेर छलफल गरेपछि ती श्रीमानले अघिल्लो दिन स्थानीय फुटबल खेलाडीहरूले खेल जित्यो कि जितेन भनेर सोधेछन्। दुःखद घट्नाप्रति संवेदनशील नभएर वा त्यस घट्नामा सहयोग कसरी गर्न सकिन्छ भनेर चिन्तन नगरि आफ्नै धुनमा नलाग्ने उपरोक्त व्यक्तिको प्रवृति जस्तो हामीमा नहुन हामीले के गर्नुपर्छ?

## ३. अरूहरूको जुत्तामा आफ्नो खुट्टा राखेर चल्नु (कलस्सी ३:१२)

हामीहरूको जीवनमा करुणा तथा सहानुभूतिको भाषण नदिएर त्यसलाई व्यवहारिक रूपमा उतार्न हामीले के गर्नुपर्छ? देहायका केही पदहरूले हामीलाई कस्तो अर्ति दिइरहेका छन्? हेर्नुहोस्ः कलस्सी ३:१२ "यसकारण परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर तिमीहरूले करुणा, दया, दीनता, नम्रता र धैर्य धारण गर।", १ पत्रुस ३:८ "तिमीहरूले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ। उहाँलाई तिमीहरू अहिले देख्दैनौ, तापनि उहाँमाथि विश्वास गर्छौ र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ।" र १ यूहन्ना ३:१६-१९ "१६ यसैबाट प्रेम के हो हामी थाहा पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो। हामीले पनि आफ्ना दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ। १७ कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ? १८ साना बालकहरू, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं। १९ यसैबाट हामी जान्न सक्छौं कि हामी सत्यका हौं, र यसरी उहाँको सामुन्ने हाम्रा हृदयलाई ढाड्स दिन सक्छौं।"

**करुणा वा अङ्ग्रेजीमा कम्पाशन** (Compassion) **भन्ने शब्द ल्याटिन भाषाको कम्पाटि** ( *compati*) भन्ने शब्दबाट आएको हो। **त्यसको अर्थ हो**

"अरूको दुःखमा आफू पनि पर्नु" हो। जसरी हामी पनि दुःख पाएका छौं त्यसरी नै अरूहरूको दुःख पनि हामी बुझ्न सक्ने हुन्छौं। हामीहरू दुःखमा पर्दा अरूहरूले हामीलाई करुणा र सहानुभूति देखाओस् भनेर हामी चाहन्छौं। त्यसरी नै अरूहरूलाई हामीहरूको करुणा र सहानुभूतिको आवश्यकता भएको बेलामा हामीले पनि दिन सक्नुपर्छ।

अघिल्लो पाठमा हामीले असल सामरीको कथा पढ्यौं। येशूले भन्नुहुन्छ, "घाइते भएको मानिसकहाँ एक जना सामरी आयो। जब त्यसले घाइतेलाई देख्यो उसको हृदयमा दुःख जाग्यो" (लूका १०:३३ रूपान्तरित)। त्यस घाइते मानिसप्रति दया र करुणा जगाउँदा त्यसलाई केही न केही गर्ने निर्णय उक्त सामरीले गऱ्यो। पुजारी र लेबीले आफू आफूहरूले शायद यो सोचे होलान्, "यदि मैले त्यस मानिसलाई सहयोग गरें भने मलाई के हुन्छ होला?" तर त्यस सामरीले भन्यो यस्तो सोचेको होला "यदि मैले त्यसलाई सहयोग गरिँन भने त्यसलाई के होला?" उपरोक्त कथामा त्यस सामरीले आफूलाई निश्वार्थी तरिकाले त्यस घाइतेको ठाउँमा आफूलाई राख्यो जसले गर्दा उसलाई केही न केही गर्ने निर्णयमा ऊ पुग्यो। अपरिचित मानिसको निम्ति उसले आफ्नो ज्यान जोखिममा राख्यो र त्यसको निम्ति आफूसँग भएको पैसा पनि खर्च गऱ्यो। स्पष्ट अर्थमा भन्ने हो भने कसैले म येशूको अनुयायी हुँ भनेर दावी गर्छ भने उसले पैसामात्र खर्च गर्नुपर्ने नभएर आफ्नो जीवन पनि जोखिममा पार्नु पर्ने हुन्छ।

त्यही सन्दर्भमा उडन्ता पुत्रको कथा पनि नियाल्नुहोस् (लूका १५:२०-३२)। आफ्नो बाबुबाट स्वतन्त्र हुने चाहना र घरखेत सम्हाल्न बोक्नुपर्ने जिम्माबाट पन्छिन आफ्नो अंशको भाग बेचेर बिदेशमा जान्छ। जहाँ उसले सबै धनसम्पत्ति मोजमज्जामा उडाउँछ। आखिरमा ऊ भोकमरिको मारमा पर्दा सुँगुर चराउने काममा लाग्नुपऱ्यो। त्यसबेला उसको दिमागमा बाबुको मायाको घाम झुल्क्यो र बाबुको घरमा जान्छ जहाँ उसलाई सरसम्मान र प्यार देखाएर घरमा हुल्छन्। उसले आफ्नो बाबुबाट दया र करुणाको आलिङ्गन, चहकिलो पोशाक जसले ऊ अझै पनि आफ्नो पुत्र हो भनेर स्वीकार गरिएको प्रतिक, औंलामा औंठी जसले बाबुले अझै पनि विश्वास तथा भरोसा राखेको छ भन्ने संज्ञा, खुट्टामा जुत्ता लगाइ दिएर स्वतन्ताको अनुभूति र खुशियाली मनाउने आह्वान पाउँछ। जिर्ण अवस्थामा परेको पुत्र, आफूबाट टाढा हुन चाहेको भएतापनि त्यो पुत्र फर्केर आउँदा हृदयदेखि निश्वार्थपन देखाउँदै हर्षले गदगद भएर त्यसको पुनर्स्थापनाको निम्ति आफ्नो सबै थोक त्याग्न त्यस बाबु तयार भएको थियो।

उडन्ताको अर्थ बेकारमा पैसा खर्च गर्ने, परिणामको वास्ता नगरि उत्ताउलो जीवन बिताउने, जीवनको पर्वाह नगरि गति छाडा हुने र अनियन्त्रीत अर्थात् असयंम जीवन बिताउने स्वभाव हो। आफ्नो अंशको सबै पैसा बोकेर बिदेशमा जाने र त्यहाँ आफ्नो अमूल्य जीवनलाई बेकारको धुवाँमा उडाउने खालको चरित्र बोक्ने त्यस पुत्रको असली बयान हो। तर जब बाबुकहाँ फर्केर आउँछ तब बाबुले के गरे त भनेर एक छिन रोकेर सोच्नु जरुरी छ। झुत्रेझाम्रे भएर फर्केर आएको आफ्नो छोराको निम्ति आफ्नो आत्मसम्मान, मर्यादा र आदर सबै थोक त्याग्न ती बाबु तयार भएका थिए। तर जब जेठो छोरो खेतको कामबाट घर फर्किन्छ त बाबुको त्यस कामप्रति वाक्क भएर घरमा पनि नपसी कथाबाट बिलाएको हामी पाउँछौं। त्यस जेठो छोरोको सामु अब आफ्नो बाबु बेकार भएको, जथाभावी सम्पत्ति उडाउने र अनियन्त्रित भएको देखिएको थियो। अर्थात् डाह र रिसले चुर्णभएको जेठो छोरोको सामु अब बाबु उडन्ता हुन पुगेको थियो। दया र करुणाले हृयय भरिपूर भएको बाबु आफूले गुमाएको छोराको पुनर्स्थापना गर्न सबै थोक त्याग्न तयार भएको थियो।

## ४. येशू रूनुभयो (यूहन्ना ११:३५)

यूहन्ना ११:३५ बाइबलको सबभन्दा छोटो वाक्य हो। त्यसमा "येशू रूनुभयो" भनेर उल्लेख गरिएको छ। त्यसले येशूको मानव स्वभालाई कसरी चित्रण गर्दछ? मानिसहरूको दुःखकष्टमा आफू पनि सहभागि हुनपुगेको येशूको बारेमा हामीलाई के भन्छ? त्यही सन्दर्भमा पावलले रोमी १२:१५मा यसरी व्यक्त गर्दछ " १५ आनन्द गर्नेहरूसँग आनन्द गर। रुनेहरूसँग रोओ।"

यूहन्ना ११:३५मा येशूले आफ्नो हृदयदेखि सहानुभूति, दया, करूणा देखाउनुभएको थियो भने आफ्नो मित्र मर्दा आफू पनि मरेको जस्तो अनुभव गर्नु उहाँले गर्नुभएको थियो। उहाँले लाजरसलाई मृत्युबाट बौरि उठाउन खोज्नै लाग्नुभएको थियो। तर आफ्नो नजिकको घनिष्ठ मित्रको परिवारले शोक व्यक्त गरिरहँदा उहाँ पनि गहिरो शोकले हल्लिनुभएको थियो। केवल आफ्नो प्रिय मित्रको मृत्युलाई सम्झेरमात्र उहाँ रूनुभएको थिएन। तर मानवताको ठूलो चित्र उहाँको सामु खडा भएको थियो। पापले गर्दा सारा मानव जगत बिभिन्न पिडामा परेको उहाँले देख्नुभएको थियो।

"सारा मानव इतिहासको कष्ट तथा सन्तापको बोझ येशूमाथि थियो। परमेश्वरका दश आज्ञाहरू वा उहाँको नितिलाई तोड्ने मानिसको स्वभावले गर्दा

पाएका भयङ्कर परिणामलाई उहाँले देख्नुभएको थियो। हाबेलको मृत्युपछि सारा मानिसको इतिहासमा असल र खराबको बीचमा भइरहेको निरन्तर युद्ध र त्यसको परिणामलाई येशूले झलझलती देख्नुभएको थियो। विश्वको इतिहास जारी हुने क्रममा मानिसहरूमा हुने दुःख, कष्ट, शोक, आँशु, मृत्यु, वियोग, आतङ्क आदि उहाँले देख्नुभएको थियो। संसारको सबै भुभागमा इतिहासकाल भरि मानव परिवारमा हुने पिडाले उहाँलाई गहिरो चोट परिरहेको थियो। पापको कारणले आएको दुःखद परिणाम उहाँको आत्मामा गरुङ्गो भारि भइरहेको थियो। र दुःखकष्टमा होमीरहेका मानिसहरूलाई राहत दिने तिब्र चाहनाले गर्दा उहाँमा भएको आँशुको मुहान फुटेको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ६४५बाट रूपान्तरित।

एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावना सोच्नुहोस्ः हामी कसैले नदेख्ने संसारका सबै भूमिहरूमा इतिहासभरि मानव इतिहासको दर्द उहाँले देखिरहनुभएको थियो।

हामीहरूका नजिकका प्रिय जनहरूको दुःखपिडाको बारेमा हामीले सोच्नुपर्दा कतिपय समयमा हामी मुश्किल भएको हामी पाउँछौं। त्यसको साथै दैनिक अखबारमा अनाहकमा आतङ्कबादका शिकारमा परेर मृत्यु भएकाहरूको बारेमा पढ्नुपर्दा हामीलाई शोकित बनाउने थप त छँदैछन नि। हामीले गर्न नसकेको काम गर्नुहुने हाम्रो प्रभु पनि पिडामा पर्नुभएको कुरा सुन्दा अचम्म लाग्न सक्छ। यहाँ लाजरसको चिहानको सामु सारा मानव जगतको निम्ति उहाँ रोइरहनुभएको थियो। मानिसको दुःख र सन्तापको पूरा अर्थ परमेश्वरलाई मात्र थाहा छ। हामीले पाएको दुःखकष्ट र पिडाको अर्थ हामीले भन्दा उहाँलाई धेरै थाहा छ भन्ने कुरालाई सम्झिन्दा हामी उहाँप्रति अत्यन्त आभारित हुनुपर्छ। अहिले हामीले सानोतिनो दुःख पाएतापनि हाम्रो निम्ति ठूलो भएको सबैलाई थाहा नै छ। तर सम्पूर्ण मानव जीवनको दुःख थाहा पाउने येशूको हृदय कसरी हल्लिरहेको थियो होला सो हामीहरूको कल्पनाभन्दा बाहिरको छ।

सालभेशन आर्मी भन्ने सामाजिक संगठनको संस्थापक विलयम बुथले भन्नुभएको थियो, "यदि शहरमा के भइरहेको छ त्यसले गर्दा तपाईंको आँखामा आँशु आउँदैन भने तपाईं हाम्रो निम्ति उपयोगी हुनुहुँदैन।"-रोजर एस. ग्रिनवे एण्ड तिमोथी एम. मोनसमा, *सिटिजः मिशन न्यु फ्रन्टिएर* (ग्रान्ड रापिडस्, मिशिगनः बेकर पब्लिकेशन ग्रुप, २०००) पृ. २४६बाट रूपान्तरित। येशू

भक्त हौं भनेर दावी गर्ने हामी प्रत्येकको निम्ति ती शब्दहरूले हामीलाई के भनिरहेको छ?

## ५.हामीलाई सल्लाह वा सान्त्वना दिने अर्को सान्त्वनाकार (२ कोरन्थी १:३,४)

"३ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर तथा पिता, करुणामय पिता, र सबै सान्त्वनाका परमेश्वरलाई प्रशंसा होस्। ४ उहाँले हामीलाई सबै दु:खमा सान्त्वना दिनुहुन्छ। हामीले पनि परमेश्वरबाट पाएको त्यही सान्त्वनाले पाएका छौं ताकि हामी पनि दु:खमा परेकाहरूलाई सान्त्वना दिन सकौं।" हामीहरू आफैले पाएको दु:खकष्टबाट अरूलाई पनि हामीहरूका वरिपरि रहनेहरूलाई सान्त्वना दिन सक्ने र सहानुभूति दिने खुबी हामीमा हुन्छ भनेर पावलले हामीहरूलाई भन्दछन्। तर तपाईंको जीवनमा ती शब्दहरूको अर्थलाई के अनुभव गर्न सक्नुभएको छ?

**अङ्ग्रेजी भाषामा सान्त्वनालाई कम्फोर्ट (comfort) भनिन्छ। ल्याटिन भाषाको दुई शब्दहरू मिलेर त्यो शब्द बनेको हो। कम (com)को अर्थ संगै हुनु वा साथमा हुनु हो भने फोर्टिस (fortis)को अर्थ बलियो हुनु हो। जब हामी दु:ख पाएको बेलामा येशूले हामीलाई त्यो सहन बल दिनुहुन्छ त्यसरी नै हामीले पनि अरूलाई हामीहरूको बल अरूलाई बाँड्नुपर्छ। जब हामीहरूकै दु:खबाट हामीले सिक्छौं त्यसरी नै अरूहरूको दु:खमा हामी सहायता गर्न सक्छौं।**

**चर्चमा दु:ख पाउनेहरू छन् र एक आपसमा सान्त्वना दिनेहरू पनि हुन्छन्। यदि ती कदममा चर्च अघि सरिरहेको छ भने चर्च सुरक्षित घर वा आश्रयको शहर हुनसक्छ (गन्ती ३५)। त्यतिमात्र होइन समाजमा स्वस्थको प्रवाह बगाउने नदी पनि हुनसक्छ (इजकिएल ४७:१-१२)।**

**कसैलाई सान्त्वना र सहानुभूति प्रकट गर्ने खुबी हुनु कला हो। यहाँ केही सुझावहरू दिइएका छन्:**

**अ.** सत्यवादी हुनु। सत्यलाई आत्मसात् गर्दै चल्नु। तपाईंले बोल्नुभन्दा बेसी अरूको कुरा सुन्ने गर्नु। तपाईंको हाऊभाऊ अर्थात् शरीरको चालले र बोलीवचनले पनि अरूलाई सहानुभूति र सान्त्वना दिइरहनुभएको छ भनेर प्रत्याभूति दिनुहोस्।

**आ.** व्यक्तिगत रूपमा चासो देखाउँदै सहानुभूति प्रकट गर्नुहोस्। कतिपय समयमा चुपचापसँग आँशु झारेर पनि दु:खमा परेकोले सहानुभूति देखाउन

सकिन्छ। कतिपय नरोलान तर शोकमा परेको मानिसलाई केही कुरा ल्याएर वा गरेर सहानुभूति प्रकट गर्न सक्दछौं।

इ. दुःख परेको बेलामा साथमा रहनु पनि बोल्नु वा केही गर्नुभन्दा प्रायजसो महत्त्व मानिन्छ।

ई. मानिसहरू दुःखमा कोही रुन्छन् भने तिनीहरूकै चाहना अनुसार शोक व्यक्त गर्न दिनु होस्।

उ. मानिसहरूले कुन कुन् भागहरूमा शोकको अनुभव गरिरहेकाछन् सो जान्न खोज्नुहोस्।

ऊ. कतिपय समयमा "मलाई थाहा छ तपाईंलाई कस्तो भइरहेको छ" भन्ने कुरामा होशियार हुनुहोस् किनभने तपाईंले त्यो दुःख यथार्थमा नबुझेको हुनसक्छ।

ऋ. पेशागत रूपमा सरसल्लाह दिने स्थान पनि हुन्छ अर्थात् कसैलाई औपचारिक सरसल्लाहको पनि आवश्यकता हुन सक्छ।

ऌ. यदि तपाईंको प्रार्थना गर्ने योजना नै छैन भने "तपाईंको निम्ति प्रार्थना गर्छु" नभन्नुहोस्। यदि सक्नुहुन्छ भने शोकित मानिससँग समय बिताउनुहोस्, प्रार्थना गर्नुहोस्, बाइबलका प्रतिज्ञाहरू बाँडेर उत्साह दिनुहोस्।

ऍ. यदि सक्नुहुन्छ भने तपाईंले चर्च र तपाईंको समाजमा दुःख परेको बेलामा सहयोग गर्ने समूह खडा गर्नुहोस्।

## उपसंहारः

यस अध्यायको बिषयबस्तुको बारेमा देहायका पदहरूमा थप जानकारी पाउन पढ्नुहोस्ः व्यवस्था २४:१०-२२, योना ३, हिब्रू १०:३२-३४, मत्ती १५:३२-३८, मर्कूस ६:३४-४४, गलाती ६:२ र हिब्रू १०:३२-३४।

एक दिन बिदाको समयमा केही परिवारहरू एकै ठाउँमा भेला भए। साना साना बालबालिकहरूसमेत मिलेर तिनीहरूले आफ्नो शहरमा भएका घरवारबिहिनहरूलाई केही खानेकुरा र आवश्यक साबुन आदि जम्मा गरेर पोको बनाए। केही घन्टा तिनीहरूले पोकोहरू बनाएपछि आफ्नो कारमा बसेर शहरमा गए। त्यहाँ शहरको सार्वजनिक हलमा गए। आधा घन्टाभित्र तिनीहरूसँग भएको सबै पोकोहरू बाँडे। अनि तिनीहरू म्युजियममा गए र होटेलमा खान गए। जब तिनीहरू कारमा थिए, एक जनाले भन्यो, "हामीले जे गऱ्यौं त्यसको

लागि हामी खुशी छौं। के तपाईंहरूलाई थाहा छ कि ती मानिसहरू जसलाई हामीले खाना बाँड्यौं प्रायजसो तिनीहरू फेरि भोकाएका होलान्?"

निःसन्देह हामीहरू जहाँ भएतापनि धेरै मानिसहरू छन् जो भोकाएका, दुःख पाएकाहरू छन् जसलाई हामीहरूको सान्त्वना, सहानुभूति, करुणा र सहायताको आवश्यकता छ। हामीले गरेका कुनै पनि सहायताहरू हात्तीको मुखमा जिरा जस्तो पनि हुन आउँछ। हामीहरूको सहयोगले केही पनि परिवर्तन ल्याउन सक्दैनौं जस्तो लाग्छ। कसैले यो पनि सोच्लान्ः हामीले जे गरे पनि त्यसको मतलब के छ र? हामीले केही पनि परिवर्तन गर्न सकेका छैनौं। यस प्रकारको सोचले धेरै समस्याहरू उब्जाउँछन्। प्रथमतः यदि सबैले यसरी सोचे भने कसैले पनि कसैलाई सहायता गर्न सक्दैन। त्यसले गर्दा आवश्यकता झन ठूलो ठूलो हुँदै जान सक्छ। तर सबैले आआफ्नो गच्छे अनुसार सहयोग गऱ्यो भने आवश्यकता जतिसुकै ठूलो देखे पनि त्यो सानो हुँदै जान सक्छ। दोस्रोमा, यस संसारमा मानिसहरूको दुःखकष्ट, पिडा, खराब र गरिबपना हटिनेछ भनेर बाइबलमा हामीलाई कहीं पनि बताएको छैन। बरू ठिक त्यसको उल्टोचाहीं उल्लेख गरिएको छ। यस संसारमा येशू हुँदा पनि उहाँ रहेकै देशमा पनि सबै मानव दुःखकष्ट, पिडा बिमार आदिको अन्त्य गर्नुभएको थिएन। उहाँले जे गर्न सक्नुहुन्थ्यो, त्यही गर्नुभयो। हामी पनि उहाँको कदममा हिँडेर त्यही गर्न सक्छौंः हामीहरूले हामीहरूको गच्छे अनुसार सक्दो सान्त्वना, शान्ति, सहानुभूति र सहयोग गरौं।

**चिन्तनमननः**

अ. फाटेका हृदयहरूभएका वा मन दुःखेकाहरूको निम्ति तपाईंको चर्च निको पार्ने र सुरक्षित स्थान कसरी बनाउन सक्नुहुन्छ?

आ. सेभन्थ-डे एडभेन्टिस्ट चर्चको प्रख्यात आन्द्रु विश्वविद्यालयको पास्टर ड्वाइट नेलसनले एक फेरा यो व्यक्त गरेका थिए "परमेश्वर किन चुप लागेर बसिरहनुभएको छ भनेर धेरैले छक्क परेर सोध्छन्। तर उहाँका भक्त भनेर दावी गर्नेहरू धेरैले किन कसैको वास्ता गर्दैनन् भनेर उहाँ झन छक्कमा परिरहनुभएको छ।"-पर्सुइन्ग द पाशन फर जीजस, (नाम्पा, आइडाहोः पासिफिक प्रेस पब्लिशिङ्ग आसोशियशन, २००५)बाट रूपान्तरित। पास्टर नेलसनले गर्नुभएको तर्कमा के तपाई

सहमत हुनुहुन्छ? यदि हुनुहुन्छ भने त्यसलाई परिवर्तन गर्न हामीले के गर्नु पर्छ?

इ. एलेन जी ह्वाइटले व्यक्त गर्नु भएको यो भनाई सोच्नुहोस्: "सरल तरिकाले बोलेको मृदु वा दयालु शब्दहरू, अलिकति भएपनि त्यसै ध्यान दिएको बानीले मानिसको जीवनमा बादल जस्तो गरि झुमीरहेको शङ्का र परिक्षा तथा प्रलोभनहरू बगाइदिन सक्छ। येशू ख्रीष्टको जस्तो सरल, मनैदेखि सत्यसँग गरेको व्यवहार र प्रकट गरेको सहानुभूतिले अरू मानिसहरूको हृदयको ढोका खोल्ने बल हुन्छ। यस्तै खालका हृदयहरूलाई नै येशूको जस्तो आत्माले प्रेरित भएर सरल र संवेदनशील छुवाइको आवश्यकता छ।"-टेस्टिमोनिज फर द चर्च, ठेली ९, पृ. ३०बाट रूपान्तरित। शोकमा परेका मानिसहरूलाई दया र सहानुभूति देखाउँदा कस्तो असल गर्ने शक्ति पाउने रहेछ भनेर त्यस भनाईले हामीलाई बताउँछ?